नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २०२ | २०७९ साल फागुन ३० गते मंगलबार (14 Mar. 2023 Tuesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : दुई दर्जन कम्पनी... ३ पृष्ठमा : सरकारले घटायो रासायनिक ... ३ पृष्ठमा युक्रेन युद्धका कारण सन् २०२२ मा..

# मर्निङवाक छाडेर दुषित पोखरी सफाईमा जुटे ६० वर्षिय प्राध्यापक डा. पाण्डे हौसला बढाउन मन्त्री पनि सहभागि



*तस्बिर : राजविराज दैनिक*

मधेश कृषि विश्वविद्यालयका प्राध्यापक डा.केशव राज पाण्डे पोखरी सरसफाईमा जुटेपछि उनलाई साथ दिदै मधेश प्रदेशका कानुन, न्याय तथा संसदिय मामिला मन्त्री राजकुमार लेखी तथा अन्यहरु ।

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

मधेश कृषि विश्वविद्यालयका एक प्राध्यापकले १० दिन अघि एक्लै सुरु गरेको सरसफाई अभियानमा अहिले प्रदेशका मन्त्रीदेखि विभिन्न व्यक्ति तथा कार्यालयका प्रमुख समेतले सहभागिता जनाउन थालेका छन् ।

राजविराज वडा नं. ३ स्थित मधेश कृषि विश्वविद्यालयका प्राध्यापक डा.केशव राज पाण्डेले विश्वविद्यालय नजिकै रहेको वैष्णोकाली मन्दिरस्थित कल्टु पोखरी सरसफाई गर्न थाले पछी अन्य ब्यक्तीहरु समेत यसमा साथ दिन थालेका छन् ।

उनी यस विश्वविद्यालयमा फागुन १० गते हाजिर भएपछि ११ गते मर्निङ वाकमा निस्केको बेला छेउमै रहेको पोखरीको अवस्था देखेर चिन्तित भए । उनी झण्डै १० दिन पश्चात् फागुन २० गतेदेखी सो पोखरीको सरसफाई गर्न एक्लै जुटे । त्यसबेला उनी उक्लै पोखरीमा फ्याकिएको फोहर निकाल्दै बाहिर राख्थे । त्यस छेउका वासिहरु उनलाई पोखरीबाट फोहर निकालेको हेर्ने काम मात्र गर्थे । उनलाई कुनै प्रकारको सहयोग गरेनन् ।

वरिपरिका वासिन्दाले पोखरीमा विसर्जन गरेको फोहर बाहिर निकालेर थुपार्ने काम बारे खबर प्राप्त भएपछी फागुन २८ गते मधेश प्रदेशका कानुन, न्याय तथा संसदिय मामिला मन्त्री राजकुमार लेखीले सोमबार उनलाई सरसफाईमा साथ दिए । धर्मपत्नी उषाका साथ आएका मन्त्री लेखीले प्राध्यापक पाण्डेको एकल प्रयासमा सूरु भएको स्वच्छता अभियानको बारेमा साथीभाईहरुबाट जानकारी पाएर आफु समेत सहभागी हुन पाउँदा निकै खुशी लागेको बताए ।

यस्तो कार्यमा अन्य पक्षले पनि सघाउदा राजविराज सुन्दर र सफा

*बाँकी तीन पृष्ठमा*

# एकै दिन दुई जनाले गरे आत्महत्या

## साइकल नदिएको झोकमा विषादी सेवन

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीमा दिनहुँ दुर्घटनाका साथै आत्महत्याका घटनाहरु पनि बढ्दै गएको छ । पछिल्लो समयमा जिल्लाको अग्निसाइर कृष्णासवरण र बलानबिहुल गाउँपालिकामा एकै दिन दुई जनाले आत्महत्या गरेको प्रहरीले जनाएको छ ।

जिल्लाको अग्निसाईर कृष्णसवरण ४ प्रसवनि मुसहरी टोल निवासी ३५ वर्षिय बन्जरा सदा शनिबार भोज खाएर घरतर्फ फर्किने क्रममा घरबाट ५०० मिटर उत्तर आँपको फुलवारी झुण्डिएको अवस्थामा फेला परेका थिए ।

प्रहरीका अनुसार रुखको हाँगामा गलबन्दीको पासो लगाई झुण्डी छटपटि रहेको अवस्थामा स्थानियहरुले देखेपछि उपचारका लागि अटो रिक्सा खोज्ने क्रमामा मृत्यु भएको थियो ।

मृत अवस्थामा परिवारजनले घरमा राखेको सूचना प्रहरीले पाएपछि आइतबार साँझ ईलाका प्रहरी कार्यालय कंचनपुरबाट खटेको टोलिले मुचुल्का उठाई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि आइतबार साँझ जिल्लाकै बलानबिहुल १ मल्हनियास्थित स्थानिय आँपको बगैचामा वडा नं. २ चन्ही बस्ने ३५ वर्षिय बिनोद मण्डल गमछाको पासो लगाई झुण्डिएको अवस्थामा मृत्य फेला परेको प्रहरीले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय कडरवोनाबाट खटेको प्रहरी टोलीले घटनाको मुचुल्का उठाई शव पोष्टमार्टमका लागि अस्पताल पठाएको तथा घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै बुवासँग साइकल माग्दा नदिएको झोकमा सप्तरीको राजगढ गाउँपालिका ६ का १८ वर्षिय आनन्द कुमार मण्डलले विषादी सेवन गरेको प्रहरीले जनाएको छ । गम्भिर अवस्थामा रहेको उनको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार बजार जान उनले बुवा खुशीलाल मण्डलसँग साइकल मागेका थिए । तर, बुवाले नदिएपछि आवेशमा आएर उनले तरकारी खेतीमा प्रयोग गरिने विषादी सेवन गरेको पाइएको

*बाँकी दुई पृष्ठमा*

# दलित अधिकारकर्मीद्वारा अध्यक्ष यादवलाई पचास प्रतिशत थप सजाय हुनेगरि कारवाहीका माग



**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीका दलित अधिकारकर्मीहरुले सिरहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवलाई पचास प्रतिशत थप सजाय हुनेगरि कारवाही गर्न माँग गरेका छन् ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापामार्फत

*बाँकी दुई पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### स्वच्छताका लागि पहिलो प्राथमिकता पोखरी संरक्षण

सप्तरीमा रहेका अधिकांश पोखरीहरु जिर्ण त कुनै अत्यन्त फोहर अवस्थामा छन् । जलाशयहरुको अवस्था जिर्ण, शौच गर्ने थलो तथा दुर्घन्धित बन्दै गएको छ । अधिकांश पोखरीहरु संरक्षण र सम्वर्द्धनको अभावमा जिर्ण बन्दै गएको छ । जिल्लामा रहेका सरकारी पोखरीहरुको अवस्था कहाली लाग्दो छ । ती पोखरीहरु स्थानिय सरकारले संरक्षण सम्वर्द्धनका साटो मात्र ठेक्का लगाउने प्रवृती बढ्दै गएको छ । जसले गर्दा ठेकेदारहरुले यसलाई प्रयोग मात्र गर्छन संरक्षणका लागि ध्यान दिदैनन् ।

यस्तो प्रवृतीले पोखरीहरु झनै जिर्ण बन्दै गएको छ । केही वर्ष अघि सरकारले पोखरी र इनारहरुको संरक्षणका लागि बजेट नै छुट्याएको थियो । तर, ती बजेटको सदुपयोग हुन सकेन् । मात्र पोखरीबाट माटो निकाल्ने र त्यसलाई सम्याउने बाहेकको काम भएन् । त्यसलाई घेरबार तथा सफासुघर गर्ने काम भएन् । पोखरीहरुको सम्वर्द्धन र संरक्षणका लागि समिति बनाएर त्यसबाट समय समयमा अनावश्यक घाँस निकाल्ने, छेउछेउमा बार लगाउने, घाटहरुलाई व्यवस्थित बनाउने तथा पानीको मात्र कमबढी गर्ने जस्ता काम गर्नुपर्छ ।

त्यसबाहके शौच र पिसाब गर्नबाट बञ्चित गर्ने काम र माछा पालन गरि पोखरीको सौन्दर्यताका लागि बगैचा समेत निर्माण गर्न सक्नु पर्छ । तसर्थ ऐतिहासिक रुपमा रहेका यस्ता सम्पदालाई जोगाई राख्न स्थानियहरुले चासो देखाउनुका साथै स्थानिय सरकार समेत गम्भिर हुनु आवश्यक छ ।

# दुई दर्जन कम्पनी कालोसूचीमा

काठमाडौँ, २९ फागुन (रासस) । विभिन्न सार्वजनिक निकायअन्तर्गतका ठेक्का अपलत्र पार्ने दुई दर्जन कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ । सरकारी कार्यालयका ठेक्का अलपत्र पारेपछि खरिद अनुगमन कार्यालयको आइतबारको निर्णयअनुसार ती कम्पनीलाई कालोसूचीमा राखिएको हो ।

कालोसूचीमा परेका निर्माण व्यवसायी, आपूर्तिकर्ता कम्पनी र परामर्शदाता कम्पनीले कालोसूची अवधिभर कुनैपनि सरकारी खरिद अनुगमन कार्यमा सहभागी हुन पाउने छैनन् ।

खरिद अनुगमन कार्यालयका अनुसार सिराहामा कार्यालय रहेको विकास निर्माण सेवालाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीले सडक डिभिजन कार्यालय लहानअन्तर्गतका दुईवटा ठेक्का अलपत्र पारेको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाको काम अलपत्र पार्ने पर्साको परामर्शदाता कम्पनी बिजनेस नेपाल कन्सल्टेन्सी प्रालिलाई पनि तीन वर्षका लागि कालोसूचीमा राखिएको छ । पूर्वाधार विकास कार्यालय बैतडीको सिफारिसमा राष्ट्र सेवा निर्माण कम्पनीलाई पनि कालोसूचीमा राखिएको छ । डडेल्धुरामा कार्यालय रहेको उक्त कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा राखिएको हो । त्यसैगरी, कैलालीको गोदावरी नगरपालिकाको सिफारिसमा आकाश एन्ड पवन कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

सडक डिभिजन कार्यालय कपिलवस्तुअन्तर्गतका आयोजनाका काम नगर्ने तीनवटा कम्पनी कालोसूचीमा परेका छन् । खरिद अनुगमन कार्यालयकाअनुसार अर्घाखाँचीको अहमद हुसेन कन्स्ट्रक्सन, दाङको गुप्ता निर्माण सेवा, अर्घाखाँचीको केपी कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

भरतपुर महानगरपालिकाको काम अलपत्र पारेपछि नयाँ बानेश्वरमा कार्यालय रहेको अनुष्ठान कन्स्ट्रक्सन प्रालिलाई एक वर्षका लागि, सडक बोर्ड नेपालको काम पूरा नगर्ने नवलपरासीको भोलेबाबा कन्स्ट्रक्सनलाई डेढवर्षका लागि र भूमि व्यवस्थापन तथा अभिलेख विभागको काम पूरा नगर्ने दिब्या टेक्नोलोजी प्राइभेट लिमिटेडलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

दाङको घोराही उपमहानगरपालिकाको सिफारिसमा ड्रिमल्यान्ड मेटल इन्डस्ट्रिज प्रालि, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिफारिसमा डाइग्नोकेम इन्टरनेसन, खैरहनी नगरपालिकाको सिफारिसमा गण्डकी हनी कन्सर्न प्रालि र निजामती कर्मचारी अस्पतालको सिफारिसमा कार्की किचेनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

खरिद अनुगमन कार्यालयकाअनुसार काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्डको काम अलपत्र पार्ने निङ्बो निङ्सिङ इन्टरनेशनल इन्कर्पोरेसनलाई साढे दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । वीरेन्द्रनगर नगरपालिकाअन्तर्गतको ठेक्का अलपत्र पार्ने पीआर कन्स्ट्रक्सन प्रालि र सडक डिभिजन कार्यालय कास्कीका दुईवटा ठेक्का अलपत्र पार्ने सिरुवा कन्स्ट्रक्सन प्रालिलाई साढे एक वर्षका लागि कालोसूचीमा राखिएको छ । सिरुवा कन्स्ट्रक्सन प्रालिले सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयअन्तर्गतको कालीगण्डकी करिडोरको काम पनि अधुरो छाडेको छ ।

त्यसैगरी, सडक डिभिजन कार्यालय सुर्खेतको ठेक्का अलपत्र पार्ने पप्पु मल्ल जेभीलाई एक वर्ष र शुद्धोधन गाउँपालिका रुपन्देहीको काम अलपत्र पार्ने सम्बद्ध सप्लायर्सलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । सडक डिभिजन कार्यालय बागलुङअन्तर्गतका ठेक्काको काम नगर्ने वाई पी कन्स्ट्रक्सन प्रालिलाई पनि डेढ वर्षका लागि कालोसूचीमा राखिएको छ ।

राजर्षि जनक विश्वविद्यालयको अनलाईन कक्षा सञ्चालन तथा व्यवस्थापन समितिअन्तर्गतको काम अलपत्र पार्ने सुरज जेनरल अर्डर सप्लायर्स र खैरहनी नगरपालिका चितवनको काम अलपत्र पार्ने युनाइटेड एग्रो इञ्जिनीयरिङ प्राइभेट लिमिटेड पनि एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

### एकै दिन दुई ...

प्रहरीको भनाई छ ।

जिल्लामा गत आ.व. २०७७/०७८ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय १५ जनाले ज्यान गुमाएका थिए भने २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । यस्तै चालु आ.व. २०७९/०८० को हालसम्मको अवधिमा विषसेवन र झुण्डिएर ६५ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

### दलित अधिकारकर्मी ...

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौँलाई विभिन्न राजनीतिक दलका दलित भातृ सङ्गठन र सप्तरीमा दलित हक/अधिकारका लागि क्रियाशील सङ्घ/संस्थाहरू सामूहिकरूपमा ज्ञापनपत्र बुझाउँदै सो माँग गरेका हुन् ।

भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवकी आमाको यही २०७९ फागुन १० गते निधन भएको थियो । अध्यक्ष यादवले २०७९ फागुन २२ गते आफ्नी आमाको १३औं दिनको पुण्य तिथिको अवसरमा किरिया भोजआयोजना गरेका थिए । जसमा दलित र गैरदलितका लागि अलग अलग ठाउँ तोकेर (कागजमा लिखितरूपमै टाँसेर) लाइन बस्न लगाइएको थियो । जसबाट दलित समुदायमाथि जातीय छुवाछूत तथा भेदभाव भएको प्रष्टै देखिएको छ । विडम्बना, गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय पदमा आसीन निज यादवद्वारा भएको यस्तो अमानवीय घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको ज्ञापनपत्रमा उल्लेख छ ।

नेकपा एमाले, सिरहाका जिल्ला सचिवसमेत रहेका उग्रनारायणले आयोजना गरेका उक्त भोजमा सिरहाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुखदेखि पूर्वकानुन मन्त्री, मधेस प्रदेशका बहालवाला मन्त्री, जिल्लाका पालिका प्रमुखहरूसमेत सहभागी थियो ।

ज्ञापन पत्रमा भनिएको छ,'कानुन कार्यान्वयन गर्ने जिम्मेवार व्यक्तिहरू नै उपस्थित भएका भोजमा दलित र मुस्लिम समुदायमाथि तोकेरै गरिएको जातीय विभेद कानुनीरूपमा त दण्डनीय हो नै, सामाजिकरूपले पनि सिङ्गो दलित र मुस्लिम समुदायको आत्मसम्मानमा प्रहार भएको हामीले महसुस गरेका छौं ।'

साथै अमानवीय घटनाको स्थलगत अध्ययन गरी आवश्यक पहल गर्न राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, मानवअधिकार समुदाय तथा न्यायप्रेमी नागरिक समाजहरूसँग पनि दलित अधिकारकर्मीहरुले अपिल गरेका छन् ।

सहज तरिकाले दोषी उपर कार्यवाही नगरिए थप आन्दोलनको कार्यक्रम घोषणा गर्न बाध्य हुने र आन्दोलनबाट हुने क्षतिको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्ने ज्ञापन पत्रमा उल्लेख छ ।

दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोलाकुमार पासवानले प्रमुख जिल्ला अधिकार भूपेन्द्र थापालाई ज्ञापन पत्र पढेपछि हस्तान्तरण गरेका थिए । उक्त ज्ञापन पत्रमा नेपाल उत्पीडित जातीय मुक्ति समाज मधेश प्रदेशका अध्यक्ष पंचदेव खंग, नेकपा माओवादी केन्द्र मधेश प्रदेश सदस्य छेदी रजक (बिमल), दलित सयुक्त सर्घष समिति कञ्चनरुप नपाका संयोजक रामदेव शर्मा खत्वे,समितिका सचिव कृष्णानन्द रजक, राष्ट्रिय दलित पत्रकार संघ सप्तरीका अध्यक्ष विद्यानन्द राम, नेपाल राउत मेहत्तर उत्थान समितिका खगेन्द्र मेहत्तर, नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रिय सदस्य डिकबहादुर विश्वकर्मा, सप्तरी जिल्ला कार्यपालिका संजालका सहसहयोजक राजेन्द्र विश्वकर्मा, समाजवादी दलित मुक्ति संगठनका अध्यक्ष अशोक कुमार राम, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ केन्द्रिय सदस्य बच्चु सरबरिया, पीडित उत्थान युवा क्लव सप्तरीका अध्यक्ष जयदेव कुमार राम, नेपाल दलित संघका अध्यक्ष भुवनेश्वर साफी, राजविराज नगरपालिकाकी कार्यपालिका सदस्य सोनी रजक, दलित अगुवा रामनाथ राम, रामभगत मोची, पंकज राम, प्रमानन्द राम लगायतले हस्ताक्षर गरेका थिए ।

उक्त ज्ञापन पत्रको बोधार्थ मुख्यमन्त्री नेतृत्वको जातीयविभेद तथा छुवाछूत अनुगमन समितिको कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग, मधेसी आयोग र मुस्लिम आयोगमा समेत दिइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारले घटायो रासायनिक मलमा दिँदै आएको अनुदान

काठमाडौँ, २९ फागुन (रासस)।

सरकारले रासायनिक मलको खरिदमा कृषकलाई दिँदै आएको अनुदान घटाएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको सोमबारको बैठकले अनुदान घटाउने निर्णय गरेको हो।

"रासायनिक मलमा यसअघि समग्रमा ७० दशमलव ८२ प्रतिशत बराबर अनुदान दिइरहेकोमा अब ५९ दशमलव ०४ प्रतिशत कायम गरिएको छ। यो दरलाई क्रमशः ५० प्रतिशतमा झारिनेछ।" कृषि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

सरकारले मलको अनुदान घटाएसँगै कृषकले यसअघि खरिद गर्दै आएको मूल्य पनि बढ्ने भएको छ। अनुदान कटौतीपछि आयात बिन्दुमा युरिया प्रतिकिलो रू २५, डिएपी प्रतिकिलो रू ५० र पोटास प्रतिकिलो रू ४० मा बिक्री वितरण हुनेछ। यसअघि आयात बिन्दुमा युरिया प्रतिकिलो रू १४, डिएपी प्रतिकिलो रू ४३ र पोटास प्रतिकिलो रू ३१ मा बिक्री वितरण भइरहेको थियो।

साबिकभन्दा अब युरिया प्रतिकिलो रू ११, डिएपी प्रतिकिलो रू सात र पोटास प्रतिकिलो रू नौ महँगो पर्ने भएको छ। सरकारले यसअघि युरियामा ८० प्रतिशत, डिएपीमा ६० प्रतिशत र पोटासमा ५९ प्रतिशत अनुदान दिइरहेको थियो। तर अब युरियामा ६४ दशमलव ४९, डीएपीमा ५२ दशमलव ३८ र पोटासमा ४६ दशमलव ०९ प्रतिशत मात्रै अनुदान दिइनेछ।

अर्थ मन्त्रालयले रासायनिक मलको अनुदान घटाउन भनेपछि यस्तो निर्णय गरिएको पनि कृषि मन्त्रालयले जनाएको छ। "रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर्राष्ट्रिय मूल्य र तद्अनुरुप रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पत्रअनुसार स्रोत सुनिश्चितता गर्दाको शर्तको रुपमा रासायनिक मलमा दिँइदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्ने राय आएको छ।", कृषि मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

मन्त्रालयका अनुसार नेपालका लागि वार्षिक पाँच लाख २० हजार मेट्रिक टन रासायनिक

*बाँकी अन्तिम पृष्ठमा*

### *मर्निङवाक छाडेर ...*

नगर बन्न सक्ने तथा सरसफाई सबैलाई चाहिने हुँदा घरदेखि सबै सार्वजनिक स्थलमा सरसफाईमा गर्नुपर्नेमा मन्त्रीले लेखीले जोड दिए।

गोरखा जिल्लाको पालुङ्टार नगरपालिका २ घर भएका प्राध्यापक डा.पाण्डेले हिमाल, पडाह र तराई जहाँ भएपनि देश हाम्रै भएको भन्दै सबै ठाउँ सुन्दर र सफा हुनु पर्छ भन्ने मान्यताका साथ सुरुमा एक्लै स्वच्छता अभियान चलाएकोमा अहिले आएर सहयोगी हातहरु थपिदै गएकोमा निकै खुशी र आत्मसन्तुष्टी मिलेको बताए। उनी रामनगर कृषि क्याम्पसका अवकाश प्राप्त प्राध्यापक समेत हुन।

स्वच्छता अभियानमा सहभागी भएका डिभिजन वन कार्यालय सप्तरीका प्रमुख हेमन्त प्रसाद साहले मन्दिर प्राङ्गणमा रहेको तथा विभिन्न धार्मिक कार्यमा सर्वाधिक भक्तजनले प्रयोग गर्ने उक्त पोखरीको सौन्दर्यकरण गर्न यस अघि पनि आफूहरुले सहयोग गरेको जानकारी दिँदै डा.पाण्डेले सुरु गरेको स्वच्छता अभियानमा समेत सहयोग गर्न आएको बताए।

पाण्डेले चलाएको अभियानमा समाजसेवी राधेश्याम रमण, मधेश कृषि विश्वविद्यालयका उपकुलपती डा.बैद्यनाथ महतो, रजिस्टार भगवान ठाकुर लगायत अन्य भरभलादमीले सहभागिता जनाएका छन्।

---

"*राजविराज शहर समृद्ध-हरित नगर*"

**राजविराज नगरपालिका**
**२ नं. वडा कार्यालय**
**राजविराज, सप्तरी,**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या:२०७९।८०
चलानी नः ६४५ मितिः २०७९।११।२०

विषय :- सूचना सूचना सूचना

२ नं. वडा कार्यालय रा.वि.न.पा वाट जारी भएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी गा.वि.स. सकरपुरा वार्ड नं.७ बसाई सराई गरी राजविराज नगरपालिका वार्ड नं. ९ हाल परिवर्तित वार्ड नं. २ वस्ने स्व.रामेश्वर लाल देव को नाती स्व. श्याम नारायण देव तथा आमा शान्ति देवी देवको छोरा ओम नारायण देव मेरो बुवा २०६०।०४।२९ गते र आमा शान्ति देवी देव मिति २०७३।०७।२७ गते आ-अप्नो कालगतिले मृत्यु भएको हुदा मेरो आमा शान्ति देवी देवको नाम नामेसीमा कायम रहेको जग्गाहरु म एक मात्र जिवित शन्तान ओम नारायण देव मृत्कहरुको हक आपुताली खाने सव भन्दा नजिकको हक दार भएको हुदा स्व. शान्ति देवी देवको नामा नामेसीमा कायम रहेको जग्गा हरु नामसारी प्रयोजनको लागी मिति ०७९।११।१८ गते द.नं. २०३ को निवेदन द्धारा माग गरेको हुदा सो जग्गाहरुमा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानून वमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित वार्ड नं. २ वस्ने स्व.शान्ति देवी देव को नाउमा कायम रहेको जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल,रोपनी |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडडीया | ६ | ७३८ | ०-०-१३१.५ |
| सप्तरी | राजविराज | ९ | १५७८ | ०-०-१० |
| सप्तरी | सकरपुरा | ३ | ५०८ | ०-१-१८ |
| सप्तरी | फसैठ | ७क | २० | [illegible]-१-१० |

अरुण कुमार यादव
अध्यक्ष
रा.वि.न.पा वार्ड नं. २

सुशासन, पारदर्शिता, जवाफदेहिता र हाम्रो प्रतिबद्धता
फो नं: ०३१ ५२०७०३ ५२००३३ ५२०६४३ फ्याक्स: ०३१५२०९९६

---

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८१०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट वचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महदेवा गाउँपालिका, सप्तरी**

---

# विश्व समाचार

## युक्रेन युद्धका कारण सन् २०२२ मा युरोपेली हतियारको आयात दोब्बर

स्टकहोम, २९ फागुन (रासस/एएफपी)।

विश्वको तेस्रो ठूलो गन्तव्य बनेको युक्रेनमा ठूलो परिमाणमा हतियार ढुवानी भएपछि सन् २०२२ मा युरोपमा हतियारको आयात झण्डै दोब्बर भएको अनुसन्धानकर्ताहरूले सोमबार बताएका छन्। स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) को प्रतिवेदनअनुसार पोल्याण्ड र नर्वेलगायत युरोपेली मुलुकले सैन्य खर्च बढाएका कारण आयातमा पनि वृद्धि भएको हो। आयातको दर अझै बढ्ने प्रक्षेपण गरिएको छ। "आक्रमणका कारण युरोपमा हतियारको मागमा उल्लेखनीय वृद्धि भएको छ, जसले थप प्रभाव पार्नेछ र सम्भवतः युरोपेली देशहरूले हतियारको आयातमा थप वृद्धि गर्नेछन्," एसआईपीआरआईका वरिष्ठ अनुसन्धाता पिटर वेजेम्यानले एएफपीलाई बताउनुभयो। गत वर्षसम्म हतियारको आयातकर्ताको हिसाबले युक्रेन नगण्य आयातकर्ता रहेको थियो।रूसको आक्रमणपछि पश्चिमा राष्ट्रहरूले युक्रेनलाई हतियार वितरण र आपूर्ति गरेका कारण सन् २०२२ मा यो कतार र भारतपछि विश्वको तेस्रो ठूलो हतियार गन्तव्य बनेको थियो। सिप्रीको तथ्याङ्कअनुसार युक्रेनले मात्र युरोपमा ३१ प्रतिशत हतियार स्थानान्तरण गरेको छ भने विश्वमा आठ प्रतिशत हतियार वितरण गरेको छ। आयात र सहयोगसहित युक्रेनको हतियार आपूर्तिमा गत वर्ष ६० गुणाभन्दा बढीले वृद्धि भएको इन्स्टिच्युटले जनाएको छ। युक्रेनमा भएका हतियार आपूर्ति मुख्यतया भण्डारबाट उठाइएका हतियारहरू थिए। तीमध्ये अमेरिकाका करिब २३० तोपहरू थिए। २८० पोलिश बख्तरबन्द वाहन र सात हजारभन्दा बढी ब्रिटिश एन्टी-ट्याङ्क मिसाइल साथै एन्टी-एयरक्राफ्ट सिस्टम जस्ता नयाँ निर्मित हतियार रहेका थिए।

## पाकिस्तानमा पोलियो विरुद्धको अभियान

इस्लामावाद २९ फागुन (रासस/सिन्ह्वा)।

पाकिस्तानका कतिपय प्रान्तहरुमा पोलियोका विरामीहरु देखिएपछि यसका विरुद्धमा अभियान सञ्चालन गरिएको छ। पाकिस्तानको सिन्ध प्रान्तमा धेरै बालबालिकामा यसको प्रकोप देखिएपछि यहाँको सरकारले सोमबारदेखि पोलियो खोप अभियान सञ्चालन गर्ने भएको छ।पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तका दुई करोडभन्दा बढी बालबालिकालाई यो खोप दिइने बताइएको छ। सोमबारबाट यो अभियान सुरु भएको र उनीहरूलाई घर घरैमा पुगेर यो पोलियो खोप दिइने बताइएको छ। सिन्धको प्रान्तीय सरकारले मार्च १३ (सोमबार) देखि यो अभियान सुरु गरिने र पाँच दिनसम्म सञ्चालन गरिने जानकारी दिएको छ। सिन्धको प्रान्तीय सरकारका स्वास्थ्य अधिकारीले यो पोलियो खोप दिने कार्यक्रम दुई चरणमा सञ्चालन गरिने र पहिलो चरणमा यहाँका कम्तीमा पनि एक करोड ७० लाख बालबालिकालाई दिइने बताइएको छ। त्यसपछि अर्को अर्थात् दोस्रो चरण आगामी अप्रिल ३ तारिखदेखि एक हप्तासम्म सञ्चालन गरिने पनि जनाइएको छ।सो दोस्रो चरणमा पाँच वर्ष मुनिका ४० लाख बालबालिकालाई दिइने छ। यसरी दुवै चरणमा गरेर दुई करोड भन्दा बढी बालबालिकालाई सो खोप दिइने भएको अधिकारीहरुले जनाएका हुन्। यसअघि पनि यहाँको सरकारले पाकिस्तानको खैबर प्रान्तका बालबालिकालाई सो खोप दिएको थियो। पोलियाको प्रकोप देखिएका स्थानहरुमा सरकारले पोलियो खोप अभियान तत्कालै सञ्चालनमा ल्याएको छ।

## नोबेल पुरस्कार विजेता जापानी उपन्यासकार ओईको निधन

टोकियो, जापान, २९ फागुन (रासस/सिन्ह्वा)।

नोबेल पुरस्का विजेता जापानी उपन्यासकार केन्जाबुरो ओईको निधन भएको छ। उहाँ ८८ वर्षको हुनुहुन्थ्यो। उहाँको नोबेल पुरस्कार प्राप्त गर्न सफल कृतिको प्रकाशक कोडानशाले उहाँको निधन भएको पुष्टि सोमबार गरेको हो। पारिवारिक स्रोतका अनुसार उहाँको निधन मार्च ३ को विहान बुढ्यौली र सम्बन्धित समस्याका कारण भएको हो। उहाँको अन्त्येष्टि भइसकेको उहाँको पारिवारिक स्रोतले जनाएको छ।

## उत्तर कोरियाद्वारा दुई वटा क्रुज क्षेप्यास्त्र परीक्षण

सियोल, २९ फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले कोरियाली प्रायद्वीपमा सोमवारदेखि संयुक्त सैन्य अभ्यास गर्ने तयारी गरिरहेका समय उत्तर कोरियाले दुई वटा रणनीतिक क्षेप्यास्त्र परीक्षण गरेको छ। ती क्षेप्यास्त्र कोरियाली समुद्रको पूर्वी क्षेत्रमा खसेको बताइएको छ। अमेरिका र दक्षिण कोरियाले सोमबारदेखि सुरु गरेको सैन्य अभ्यास कोरियाली प्रायद्वीपमा गरिएको पाँच वर्ष यताकै सबैभन्दा ठूलो अभ्यास भएको दक्षिण कोरियाली अधिकारीले जनाएका छन्। सोमबार विहानै उत्तर कोरियाले दुई वटा क्रुज क्षेप्यास्त्र परीक्षण गरेको हो। उत्तर कोरियाली समाचार एजेन्सी केसीएनएले नेता किम जोङ उनले शत्रुहरुको युद्ध उन्मादलाई जवाफ दिन आदेश दिए लगत्तै क्षेप्यास्त्र परीक्षण गरिएको कोरियाली अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ। यसैबीच, अमेरिका र दक्षिण कोरियाको १० दिने सैन्य अभ्यास पनि सोमबारदेखि नै सुरु भएको छ। अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासलाई उत्तर कोरियाले आफूमाथि लक्षित अभ्यासका रूपमा हेर्ने गरेको छ।

# मोटरसाइकल दुर्घटनामा सात जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीको छुट्टाछुट्टै तीन स्थानमा भएको मोटरसाइकल दुर्घटनामा सात जना घाइते भएका छन् ।

. जिल्लाको बोदेबर्साइन नगरपालिका ५ बरसाइन टोलस्थित हुलाकि राजमार्गमा आइतबार मोटरसाइकलले साइकललाई ठक्कर दिँदा दुई जना घाइते भएका छन् ।

पुर्बबाट पश्चिमतर्फ जादै गरेको प्र.२-०१-००१प.५६०८ नम्बरको मोटरसाइकलले सोहि दिशातर्फ जादै गरेको साईकल यात्री स्थानिय ६० वर्षिय सोभितलाल साहलाई पछाडिबाट ठक्कर दिदा साहको ढाड र बाँया खुटामा चोट लागेको तथा मोटरसाइकल चालक वडा नं. ६ फुलकाहि निवासी १७ वर्षिय चन्दन कुमार दास घाईते भएका हुन् ।

घाइते दुबैलाई उपचारका लागि अस्पताल पठाइएको तथा मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको छ ।

यस्तै आइतबारै सोही नगरपालिका ५ जाजरस्थित हुलाकि सडक खण्डमा दुई मोटरसाइकल एक आपसमा ठोकिदा दुबैको चालक घाइते भएका छन् ।

पश्चिमबाट पुर्बतर्फ जादै गरेको स.८प. १०५८ नम्बरको मोटरसाइकल र बिपरित दिशाबाट आउदै गरेको प्र.२-०१-००३प.२२२७ नम्बरको मोटरसाइकल ठोकिएको हो ।

ठक्करबाट प्र.२-०१-००३प.२२२७ नम्बरको मोटरसाइकल चालक वडा नं. ८ बैरयाहि निवासी २१ वर्षिय श्रवण कुमार भगत र अर्का मोटरसाइकल चालक खडक नगरपालिका ११ बनौलि निवासी २५ वर्षिय सुनिल मण्डल घाईते भएको प्रहरीले जनाएको छ ।

दुबै जनाको स्थानिय जिवन ज्योति अस्पताल बोदेबर्साईनमा उपचार भईरहेको छ भने दुवै मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई घटना सम्बन्धी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

.यस्तै आइतबारै राती जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका १ कोशी ब्यारेज नजिकै एक मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालकसहित दुई जना घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ आउदै गरेको को.२९प.९५२२ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाइकल चालक कंचनरुप नगरपालिका २ निवासी १९ वर्षिय ईसरात सेख र पछाडी सवार २८ वर्षिय तबरेज खान घाइते भएका हुन् ।

घाइते भएका दुबै जनाको उपचार भइरहेको तथा मोटरसाइकललाई नियन्त्रणमा लिई घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *सरकारले घटायो...*

मल आवस्यक पर्छ । मलमा कृषकलाई अनुदान उपलब्ध गराउन चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा रू १५ अर्ब ६ लाख छुट्याइएको थियो । गत साउन २७ गते अर्थ मन्त्रालयबाट रू १६ अर्ब स्रोत सुनिश्चितता दिइएको थियो भने यही फागुन ८ गते रू सात अर्ब ५० करोडको स्रोत सहमति दिइएको थियो । यसरी चालु आर्थिक वर्षका लागि रासायनिक मल शीर्षकमा कुल रू ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ ।

हालसम्म कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट्र टेडिङ कर्पोरेसनबाट कूल तीन लाख ३१ हजार पाँच सय मेट्रिक टन रासायनिक मल खरिद भइसकेको मन्त्रालयले जनाएको छ । यसरी खरिद भएको मलमध्ये करिब दुई लाख ३७ हजार पाँच सय मेट्रिक टन मल आयात भइसकेको छ भने ९४ हजार मेट्रिक टन आयातका क्रममा रहेको छ । यसवर्ष धानबालीका लागि यसवर्ष ९० हजार मेट्रिक टन मल अपुग हुने पनि मन्त्रालयले जनाएको छ ।

# आगलागिमा तीन वटा फुसका घर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीको हनुमानगर कंकालिनी नगरपालिका १० ईनरबा टोलमा आइतबार साँझ आगलागि हुँदा तीन वटा फुसका संरचना भएका घरहरु जलेका छन् ।

अचानक सल्केको आगोले स्थानिय रामपुकार मण्डलको तीन वटा फुसको घर जलेको प्रहरीले जनाएको छ । आगोमा १० मन धान, १० मन चामल तथा अन्य सामान र लत्ताकपडा समेत जल्दा १ लाख २५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीको अनुमान छ ।

सो आगोलाई नेपाल प्रहरी र स्थानियबासिको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# राष्ट्रपति पौडेलबाट पदभार ग्रहण

काठमाडौँ, २९ फागुन (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनियताको सपथसँगै राष्ट्रपति कार्यालय शीतल निवासमा पदभार ग्रहण गर्नुभएको छ । उहाँले सोमबार पदभार ग्रहण गर्दै राजदूत नियुक्तिको निर्णयमा हस्ताक्षर गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २८२ को (१) बमोजिम ईजिप्टका लागि नेपालका आवासीय राजदूत सुशीलकुमार लम्सालालाई मोरक्को अधिराज्यका लागि समेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गर्नुभएको छ ।

पौडेल यही फागुन २५ गते राष्ट्रपति पदमा निर्वाचित हुनुभएको हो । उहाँलाई राष्ट्रपति कार्यालयमा सोमबार आयोजित विशेष समारोहमा कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पद तथा गोपनियताको सपथ गराउनु भएको हो । नेपालको संविधानमा राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि सङ्घीय कानूनबमोजिम प्रधानन्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# प्रमिला यादवद्वारा उपराष्ट्रपति पदको उम्मेदवारी फिर्ता

काठमाडौँ, २९ फागुन (रासस) ।

जनता समाजवादी पार्टी ( जसपा) नेपालको तर्फबाट उपराष्ट्रपति पदमा उम्मेदवारी दिनुभएकी सांसद प्रमिलाकुमारी यादवले आफ्नो उम्मेदवारी फिर्ता लिएको घोषणा गर्नुभएको छ ।

पार्टीको तर्फबाट उपराष्ट्रपति पदका लागि उम्मेदवार बन्नुभएका सांसद रामसहायक यादवलाई समर्थन गर्दै उहाँले उम्मेदवारी फिर्ता लिनुभएको हो । सांसद यादवले प्रेस विज्ञप्तिमार्फत लामो सङ्घर्ष र त्याग गर्नुभएका स्वच्छ छवि र उच्च विचारका रामसहायकलाई समर्थन गर्नाका साथै सहयोग गर्न पनि सबैलाई आग्रह गर्नुभएको छ ।

'अब उप्रान्त म उपराष्ट्रपति पदका लागि उम्मेदवार नरहेको हुँदा गठबन्धनका तर्फबाट उम्मेदवार रहनुभएका माननीय यादवलाई आफ्नो अमूल्य मत लिई विजयी गराउन हुन सम्पूर्ण माननीय सांसद एवं माननीय प्रदेशसभा सदस्यलाई अपिल गर्दछु' विज्ञप्तिमा भनिएको छ । यही फागुन २५ गते जसपाको कार्यकारिणी समितिको बैठकले संसदीय दलका नेता यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

## सुचना । सुचना । सुचना ।

एसियन क्रिकेट काउन्सिल (ACC) को कार्यक्रम अनुसार मे १७ देखि २८ (सन २०२३) गते सम्म मलेसियामा हुने पुरूष यु१६ ईष्ट जोन क्रिकेट प्रतियोगिताका लागि जिल्ला स्तरिय क्रिकेट टिम छनोट गर्नुपर्ने भएकोले जिल्ला भरका १६ बर्ष उमेर पुरा गरेका सम्पुर्ण पुरूष क्रिकेट खेलाडीहरूले तपसिल बमोजिमको मिति, स्थान र समयमा आ-आफ्नो खेलको सामग्रीसहित उपस्थित भई छनोट प्रतियोगितामा सहभागीका लागि अनुरोध छ ।

**तपिसल**

मिति : २०७९ चैत १ देखि ४ गते सम्म
स्थान : पवि माबि राजबिराजको खेल मैदान
समय : बिहान ७ बजे देखि

*नोटः यस प्रतियोगितामा सहभागी हुने खेलाडीहरूको उमेर (भदौ १६, २०६३) पछिको हुनुपर्ने छ ।*

**सम्पर्क**
रोशन मण्डल (९८०४१५४९६४)
अनवर अलि (९८०४७०२९५१)
शम्भु दास (९८१९९७१२११)

**चन्दनकुमार यादब**
सचिव
सप्तरी क्रिकेट संघ
९८०१५७७९१८


तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बालविवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,
के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*